# ‘सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (परिमार्जित संस्करण)’ को समीक्षा

■ हेमन्त ओझा

१० वर्ष अघि तयार भएको सामुदायिक वनको मार्गदर्शनको बदलामा वन विभागले वि.स. २०५९ मा नयाँ संस्करण प्रकाशित गरेको छ । यो मार्गदर्शनको संशोधित पुस्तक तयार गर्नमा संलग्न कर्मचारीहरुले यस पुस्तकको प्राक्कथनमा लेखे अनुसार सामान्यतया विगत धेरै वर्षदेखि सामुदायिक वनमा नीति तथा व्यवहारको बदलिदो परिस्थिति र खासगरी समुदायका बढ्दो सेवा सम्वन्धी मागहरु पूरा गर्नुपर्ने चुनौतिहरुलाई मध्यनजर राखी सो मार्गदर्शन संशोधनको खाँचो महसुस गरिएको भनी लेखिएको छ । उक्त मार्गदर्शन वन विभागले गठन गरेको समीक्षा कार्यदलबाट तयार गरिएको हो जसमा परियोजनाहरुको समेत संलग्नता एवं सहयोग रहेको थियो । यसै सिलसिलामा सरकारी वन कर्मचारी तथा वन परियोजनाका कर्मचारीहरु बीच राष्ट्रिय स्तरमा दुई पटक छलफलहरु भएका थिए ।

यस मार्गदर्शनले स्थलगत तहमा सामुदायिक वन कार्यक्रम कसरी लागू गर्ने भन्ने कुरामा औपचारिक सहयोग पुऱ्याउँछ । त्यसैले यो पुस्तक प्रमुख रुपले वन उपभोक्ता समूह गठन तथा गठन भइसकेका समूहलाई सहयोग पुऱ्याउने सहजकर्ताहरुप्रति लक्षित छ । अठ्चालीस पृष्ठ भएको यस पुस्तकमा छ खण्ड र आठ अनुसूचीहरु छन् । यस लेखमा यी मार्गदर्शनको संक्षिप्त विशेषता, राम्रा तथा कमजोर पक्षहरुलाई विवेचना गरिएको छ ।

**१. सामुदायिक वन कार्यक्रमका प्रमुख चरण/अवस्था**

परिमार्जित सामुदायिक वन मार्गदर्शनले वन कार्यक्रमको विकास प्रक्रियालाई उपभोक्ताहरुको पहिचान, वन उपभोक्ता समूह गठन, कार्ययोजना निर्माण, योजनाको कार्यान्वयन तथा समीक्षा गरी पाँच महत्वपूर्ण चरणको रुपमा प्रकाश पारेको छ । यस मार्गदर्शनले प्रत्येक चरणका संभावित उद्देश्य तथा क्रियाकलापहरुलाई सुझावको रुपमा प्रस्तुत गरेको छ । पहिलो तीनवटा चरणहरु वन उपभोक्ता समूह गठन गरी वन कार्ययोजना तयार गर्ने कुरामा केन्द्रित छन् भने अन्तिमका दुईवटा चरणहरु वन उपभोक्ता समूहहरुलाई आफूले तयार गरेको योजना लागू गर्न सहयोग पुऱ्याउने कुरासँग सम्बन्धित छन् । माथि उल्लेखित पाँच चरणहरुको संक्षिप्त विवेचना निम्न अनुसार गरिएको छ :

**चरण १. उपभोक्ता पहिचान:** यस चरणमा वन उपभोक्ता समूह गठनको लागि सहजकर्ता र उपभोक्ताहरु बीच सुसम्बन्ध स्थापना गर्ने काम बताइएको छ । यस चरण अन्तर्गत सहजकर्ताले गर्ने कामहरुमा बिभिन्न टोलहरुमा गई सामुदायिक वन सम्बन्धी सवालहरु तथा नीति नियमबारे छलफल गर्ने, वनको संरक्षण तथा उपयोगबारे विद्यमान चलनहरुबारे जानकारी संकलन गर्ने, संभावित सामुदायिक वनको सिमानाका सम्बन्धमा सामान्य जानकारी प्राप्त गर्ने तथा कहाँसम्मका उपभोक्ताहरुले उक्त वनको उपयोग गर्छन् भन्नेकुरा पत्तालगाउने जस्ता कुराहरु पर्दछन् ।

**चरण २. वन उपभोक्ता समूह गठन:-** यस चरण अन्तर्गत मार्गदर्शनले वन उपभोक्ता समूह गठन र समूहको विधान तयार गरी सो विधान दर्ता गराउने दुई प्रमुख कामहरु पूरा गर्नु पर्ने कुरा उल्लेख गरेको छ । यस चरण अन्तर्गत गर्नुपर्ने संभावित कामहरुमा सहयोगी समूह गठन, उक्त सहयोगी समूहको सहयोगमा कार्ययोजना तयार गर्ने, टोल तथा वनको उपयोग

सम्बन्धमा बिभिन्न किसिमको चासो राख्ने समूहहरुको पहिचान, वनको उपयोग सम्बन्धमा फरक-फरक चासो भएका समूहहरुसँग वा टोल छलफलको योजना बनाई उक्त छलफल गराउने कुराहरु पर्दछन् । समूहको विधानलाई अन्तिम रुप दिनको लागि उपभोक्ताहरुको आम-सभा गराइ समितिको चयन गर्ने कुराहरु समेत त्यही चरणका क्रियाकलाप अन्तर्गत पर्दछन् । यसरी चयन गरिएको समितिलाई जिल्ला वन कार्यालयमा समूहको विधान दर्ता गराउन सहयोग पुऱ्याउने कुरा पनि यसै चरण अन्तर्गत पर्दछ ।

**चरण ३. वन उपभोक्ता समूहलाई वन हस्तान्तरणः-** तेस्रो चरणको उद्देश्य सामुदायिक वनको कार्ययोजना तयार गरी समूहलाई वन हस्तान्तरण गर्नु हो । यो उद्देश्य प्राप्त गर्नका लागि वन व्यवस्थापनका विकल्पहरु यकिन गर्न तथा तिनीहरुको बारेमा टोल तह तथा वन व्यवस्थापन सम्बन्धमा विभिन्न चासो राख्ने समूहहरु बीच व्यापक छलफल गराइ समझदारी कायम गराउने क्रियाकलापहरु मार्गदर्शनले इंगित गरेको छ । वन व्यवस्थापन निर्दिष्ट गर्नु अघि व्यापक रुपमा वनको अवस्थाको लेखा-जोखा गर्नु पर्ने काम पनि मार्गदर्शनले तोकेको छ । वन कार्ययोजनामा समावेश गरिनु पर्ने संभावित विषय बस्तुको सूची समेत मार्गदर्शनमा समावेश गरिएका छन् । वन कार्ययोजनालाई उपभोक्ताहरुको आमसभाबाट अन्तिम रुप दिएपछि जिल्ला वन अधिकृतबाट स्वीकृति प्राप्त गर्नको लागि सो दस्तावेज जिल्ला वन कार्यालयमा पेश गर्नुपर्छ । उक्त कार्य योजनामा समावेश गरिएका कुनै प्रावधान जिल्ला वन अधिकृतलाई सहमति नभएको खण्डमा वा निजले कुनै प्रावधान समावेश गर्नुपर्ने ठानेमा सुझाव सहित कार्ययोजना पुनः संशोधन गर्नको लागि समूहमा फिर्ता गरिन्छ । समूहले सोही अनुसार जिल्ला वन अधिकृतले दिएको सुझाव कार्ययोजनामा समावेश गरी स्वीकृतिको लागि पुनः जिल्ला वन अधिकृत समक्ष पेश गर्नुपर्छ ।

**चरण ४. कार्ययोजना कार्यान्वयनः-** सामुदायिक वन विकासको चौथो चरणमा वन उपभोक्ता समूहहरुले पहिलेका तीन चरणहरुमा तयार गरिएका समूहको विधान तथा वनको कार्य योजना लागू गर्नको लागि आवश्यक पर्ने प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराउने कुराहरु सहजकर्तालाई सुझावको रुपमा समावेश गरिएको छ ।

**चरण ५. समूहको विधान तथा कार्ययोजनाको संशोधन/समीक्षाः-** सामुदायिक वन विकासको अन्तिम तथा पाँचौं चरण समूहको विधान तथा वन कार्ययोजनामा समीक्षा गरी संशोधन गर्ने कुरासँग सम्बन्धित छ । समूहको विधान र वन कार्ययोजनामा जिल्ला वन अधिकृतबाट स्वीकृत भई दर्ता भएपछि वन उपभोक्ता समूह पूर्ण रुपमा क्रियाशील हुन्छ । समूहको विधान तथा वन कार्ययोजना लागू गर्ने क्रममा समूहलाई अनुभवप्राप्त भई उक्त दस्तावेजहरुको समीक्षा गर्नुपर्ने आवश्यकता समूहले गर्न सक्छ । यस चरण अनुसार वन उपभोक्ता समूहलाई उक्त दस्तावेजमा राखिएका नियम तथा प्रावधानहरुमा संशोधन गर्न सक्ने अधिकार दिइएको छ । उदाहरणको रुपमा अनुगमन र त्यसमा पनि खास गरी वन उपभोक्ता समूहको स्व-अनुगमनलाई लिन सकिन्छ । यसबाट वन उपभोक्ता समूहभित्रको आन्तरिक सिकाइ र अन्य सरोकारवालाहरुसँगको संयुक्त सिकाइ विकसित हुन मद्दत पुग्छ । यस मार्गदर्शनमा जिल्ला वन कार्यालय, रेञ्जपोष्ट र वन उपभोक्ता समूहको अनुगमनका लागि केही मार्गनिर्देशनहरु पनि उल्लेख भएका छन् । वन कार्ययोजनाको अवधि सकिनासाथ यसको पुनः नवीकरण गरिहाल्नु पर्ने कुरा पनि यसमा अनिवार्य गरिएको छ । कार्ययोजनाको अवधि १० वर्ष भन्दा कम हुनुपर्छ भनेर तोकिएको छ ।

## २. सवल पक्ष

यस मार्गदर्शनलाई विभिन्न पक्षहरुमा सिर्जनात्मक दस्तावेजको रुपमा लिन सकिन्छ । यसले वन उपभोक्ता समूहलाई गठनको समयमा र गठन पश्चात् पनि विभिन्न प्रकारको सेवाको जरुरत पर्दछ भन्ने कुरालाई मान्यता दिएको छ । यसको अतिरिक्त फरक-फरक परिस्थितिमा र सामुदायिक वन प्रक्रियाको विभिन्न चरणमा कुन अवस्था र परिस्थितिमा कस्तो कार्य गर्नु पर्दछ भन्ने कुरामा सहजकर्ताहरुले गर्नुपर्ने कामहरुमा लचकता पनि छ । यस मार्गदर्शनले  समुदायका गरीब, महिला तथा पछिडिएका समूहका आवश्यकता तथा चासोलाई समेत समेट्नु आवश्यक छ भन्ने पनि देखाएको छ र खासगरी माथि उल्लेखित प्रक्रियाको अघिल्ला तीन चरणहरुमा गरिनु पर्ने संभावित कामहरुको सूची समेत दिएको छ ।

प्रक्रियाको हकमा, वन उपभोक्ता समूह गठन गर्ने क्रममा सहजकर्ताले आफ्नो काममा मद्धत लिनको लागि स्थानीय व्यक्तिहरुको सानो समूह बनाएर काम गर्नसक्ने प्रावधान यस मार्गदर्शनमा उल्लेख गरिएको छ । यसका साथै सहजकर्ताले प्रत्येक घरधुरी तहसम्म पुगेर अन्तरक्रिया गर्नु पर्ने कुरालाई जोड दिएको हुनाले यसबाट पिछडिएका समूहलाई पनि सहभागी हुन मद्धत मिल्छ । समूहको विधान र वन कार्ययोजनाको मस्यौदा तयार गर्ने क्रममा एउटै टोलमा दुई पटक बैठक बसेर छलफल गर्नुपर्ने हुनाले यसबाट विभिन्न आर्थिक स्तर तथा बिभिन्न चाहना भएका महिला तथा पुरुष वर्गको बीचमा वन व्यवस्थापन सम्बन्धी नियम बनाउने कुरामा सहमति ल्याउन बढी सहयोग पुग्छ ।

अन्तमा, वन उपभोक्ता समूह र यसलाई सेवा पुऱ्याउने संस्था समेतको अनुगमन प्रणालीको विकास गर्ने कुरामा जोड दिइएको र प्रस्तुत विकल्पहरुका दृष्टिले यो मार्गदर्शन प्रशंसनीय छ । खास गरी वन उपभोक्ता समूह, रेन्जपोष्ट, ईलाका तथा जिल्ला वन कार्यालय (जि.व.का.) क्षेत्रीय तथा केन्द्रीय कार्यालयहरुको लागि चाहिने सूचनाको सूचीको (चेकलिष्ट) साथै सूचना विश्लेषणको ढाँचा तथा प्रक्रियाले उल्लेखित सबै तहमा सामुदायिक वन कार्यक्रमको अनुगमन प्रणालीलाई सुदृढ बनाउन मद्धत पुऱ्याउँछन् ।

## ३. कमजोर पक्ष

मार्गदर्शनमा सामुदायिक वन प्रक्रियाका उल्लेखित पाँच चरणहरु केही हदसम्म स्पष्ट र बुझ्नसक्ने नै भए पनि यसमा खास विषयवस्तुको अवधारणा स्पष्टसँग जोडिएर प्रवाह हुने किसिमले डिजाइन गरेको भने देखिँदैन । खासगरी सामान्य सहजकर्ताहरुको लागि यस मार्गदर्शनमा निहित विचारहरु तथा धारणाहरु व्यवहारिक रुपमा लागू गर्न कठिन छ । धैरै महत्वपूर्ण अवधारणाहरुको व्याख्या अपुग देखिन्छ । यस अर्थमा भन्दा महत्वपूर्ण बुँदाहरु बीचको सम्बन्ध सरल प्रवाह भई मार्गदर्शनले लक्ष्य गरेका प्रयोगकर्ताहरुले सजिलै यसको धारणा आत्मसात गर्नसक्ने हुन आवश्यक छ । मार्गदर्शनमा सामावेश गरिएका विषयबस्तु राम्रोसँग व्यवस्थित नहुनु मार्गदर्शन पढ्न अप्ठेरो हुनुको एउटा कारण हो । उदाहरणको लागि मार्गदर्शनको पृष्ठ १८-१९ मा वन कार्ययोजनामा समावेश गरिनु पर्ने २६ बुँदाहरुको सूची उप-शीर्षक अन्तर्गत नराखी त्यसैमा राखिएको छ, जसले गर्दा पाठकलाई प्रस्तावित धारणा आत्मसात गर्न गाऱ्हो पर्नसक्छ ।

त्यसै गरी एउटै खण्डभित्र र खण्डहरु बीचमा पनि धैरै ठाउँमा कुराहरु दोहोरिएको पाइन्छ । उदाहरणको लागि पृष्ठ २३ मा तालिमको बारेमा एउटै खण्डभित्र चरण चार र पाँचमा कुराहरु दोहोरिएका छन् । अर्को कुरा, प्रस्तुतिमा खासगरी एउटै कुरा दोहोऱ्याउनु पर्ने स्थिति भएको अवस्थामा एकखण्डको अर्कोखण्डसगँको सम्बन्ध स्पष्ट देखिदैन । यसको अतिरिक्त कुनै ठाउँमा गलत वाटोतिर लैजाने (भ्रमपूर्ण) खालका शीर्षक छन् । उदाहरणको लागि पृष्ठ १४ मा "साधारण सभाबाट विधान पारित" शीर्षक अन्तर्गत 'समिति गठन' को कुरा उल्लेख गरिएको छ ।

यस मार्गदर्शनले कुनै कुनै अवस्थामा वन ऐन २०४९ ले व्यवस्थापन गरेको वैधानिकतालाई स्पष्टसँग मान्यता नदिएको पाइन्छ । उदाहरणको लागि मार्ग निर्देशनमा सहजकर्ताको र वन उपभोक्ताहरुको भूमिका बीच द्धिविधा देखिन्छ । वन ऐन २०४९ ले विधान तथा कार्ययोजना निर्माण गर्ने भूमिका उपभोक्ताहरुको हो भनी परिभाषित गरेको छ जबकि मार्गदर्शनले सो भूमिका सहजकर्ताले गर्नुपर्ने कुरामा जोड दिएको छ । यसको अतिरिक्त समूहले प्रस्ताव गरेको वन कार्ययोजनामा जिल्ला वन अधिकृत सहमत नभएको खण्डमा वा निजले दिएको सुझाव समावेश गर्नको लागि सो दस्तावेजको निर्माण प्रक्रिया पुनः दोहोऱ्याएर गर्नु पर्ने प्रावधान मार्गदर्शनले राखेको छ जबकि वन कार्य योजनामा गम्भीर र प्रतिकूल वातावरणीय प्रभाव पार्ने कुनै प्रावधान नभएसम्म समूहबाट प्रस्तावित निर्णय लागू गर्न सक्ने कानूनी प्रावधान छ ।

मार्गदर्शनले सेवा प्रदान गर्ने संस्थाहरुको समूह गठन प्रक्रियामा संलग्नता रहने सुझाव प्रस्तुत गरेको छ तर बिभिन्न प्रकारका सेवा प्रदान गर्ने संस्था सामुदायिक वन प्रक्रियामा कसरी संलग्न हुने भन्ने कुरा उल्लेख गरेको छैन । यस बाहेक सामुदायिक वन प्रक्रियामा स्थलगत, जिल्लागत र राष्ट्रिय तहमा काम हुने भए तापनि मार्गदर्शनले खासगरी स्थलगत तहलाई मात्र केन्द्रित गरेको छ । अर्को शव्दमा भन्दा मार्गदर्शनले विभिन्न सरोकारवालाहरुले सामुदायिक वन प्रक्रियामा आफूहरु बीचको अन्तरसम्बन्ध कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा छुँदै नछोइ केबल वन उपभोक्ता समूहको विकासको कुरालाई मात्र केन्द्रित गरेको छ । अन्य संस्थाको नाममा गैर सरकारी संस्थाहरु पनि समेटिएका भए तापनि मार्गदर्शनको स्पष्ट जोड चाहिं सरकारी सहजकर्ताप्रति मात्र छ ।

वन हस्तान्तरण गर्दा जिल्ला वन अधिकृत र वन उपभोक्ता समूह बीचको संझौता पत्रमा ‘वन उपभोक्ता समूहले जिल्ला वन अधिकृत तथा रेञ्जरले दिएको निर्देशन पालना गर्नु पर्ने’ भन्ने वाक्यांशले वन उपभोक्ता समूहको स्वायत्तताबारे गम्भीर विवाद उत्पन्न गरेको छ । त्यस्तैगरी मार्गदर्शनमा उपभोक्ता समूहलाई वन हस्तान्तरण गर्नु अघिको जिल्ला वन कार्यालयसँग अन्य कुनै संघ संस्थासँग भएको संझौता समेत वन हस्तान्तरण भइ सकेपछि पनि कायमै रहिरहने आशय रहेको कुरा पनि विवादास्पद छ । वन उपभोक्ता समूह तथा जिल्ला वन कार्यालय बीच भएको वा हुने कुनै विवाद समाधानको सामाजिक प्रक्रिया तथा प्रणाली समेत मार्गदर्शनमा उल्लेख भएको छैन । जिल्ला वन अधिकृतको कुनै पनि निर्देशन उपभोक्ता समूहले अनिवार्य रुपले पालना गर्नु पर्ने प्रावधानले वन उपभोक्ता समूह र जिल्ला वन अधिकृतबीच गम्भीर शक्ति असन्तुलनको स्थिति उत्पन्न गर्दछ । यस किसिमको शक्ति असन्तुलन हुने किसिमको मार्गदर्शन हुनुको एक प्रमुख कारणमा यो दस्तावेज तयार गर्ने क्रममा वन उपभोक्ता सहित सरकारी तथा गैर सरकारी संस्थाहरुको संतुलित प्रतिनिधित्व नहुनु नै हो ।

वन विभाग आफैंले तयार गरेको ‘वनको लागत राख्ने मार्गदर्शन’ अथवा स्वीस सरकारद्धारा सहयोग प्राप्त सामुदायिक वन परियोजनाले तयार गरेको ‘स्रोत लागत राख्ने मार्गदर्शन’ जस्ता प्राविधिक तथा प्रक्रियागत विषयका थुप्रै मार्गदर्शनहरु छन् । प्रस्तुत मार्गदर्शन सबै कुरा समावेश भएको दस्तावेज भएको हुनाले सामुदायिक वन विकास कार्यक्रमका विभिन्न क्रियाकलाप तथा चरणमा उपयुक्त हुने अतिरिक्त प्राविधिक विस्तृत विवरणको लागि यस्ता दस्तावेजको उल्लेख हुनु पर्थ्यो ।

(समिक्षक फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ ।)